राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १०९ २०८२ मंसिर ०३ गते बुधवार (19 Nov. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

### मुख्यमन्त्री कार्यालयमा तोडफोड र कर्मचारी कुटपिट घटना प्रकरण

## म पक्राउ परेको होइन, छलफलमा गएको छु : पूर्व साँसद साह

दैनिक समाचारदाता

जनकपुरधाम, २ मंसिर। मधेश प्रदेशमा उत्पन्न राजनीतिक अस्थिरता र सत्ता(संक्रमणमा देखिएको विवादको बीच मुख्यमन्त्री कार्यालयमा भएको तोडफोड प्रकरणमा पूर्वसांसद परमेश्वर साह र लोसपा नेता जिबेन्द्र झा पक्राउ परेको एउटा अँनलाइनमा आएको छ। तर त्यसलाई खण्ड गर्दै पूर्व प्रदेश साँसद साहले एउटा भिडियोमा भनेका छन् (म पक्राउ परेको होइन, म घरमै बसेको छु। कुन आँनलाईन कसरी त्यो समाचार बाहिर आयो(मलाई थाहा छैन। कर्मचारीहरुले म माथि मुद्दा हालेको छ, त्यसको छलफलमा भएको छु।

यता दुवैजनालाई आइतबार जारी भएको अदालतको पक्राउ पुर्जीका आधारमा सोमबार बिहान प्रहरीले नियन्त्रणमा लिएको समाचार बाहिरिएको छ। समाचार प्रकाशन भएको केही क्षणमा मंगलबार पक्राउ परेका पूर्वसांसद परमेश्वर साह र लोसपाका नेता जिबेन्द्र झा धरौटीमा रिहा भएका बताइएको छ।

समाचारमा धनुषाका सिडियो लुईंटेलले उनीहरूलाई





धरौटीमा छोड्ने निर्णय गरेको बताइएको छ। नयाँ मुख्यमन्त्री नियुक्त भएपछिको विवादमा उनीहरू आफैं संलग्न रहेर कार्यालय तोडफोड र कर्मचारी कुटपिटमा सक्रिय थिए उल्लेख छ। नयाँ मुख्यमन्त्री नियुक्त भएपछि उत्पन्न विवादले मधेश प्रदेशको राजनीतिक वातावरण नै तातेको छ। प्रदेश प्रमुखले नयाँ मुख्यमन्त्री सरोज यादवलाई नियुक्त गरेपछि कांग्रेससहित केही असन्तुष्ट दलका सांसद र समर्थकहरू विभिन्न विरोध गतिविधिमा उत्रिएका थिए। विरोधको क्रममा केही व्यक्तिहरू मुख्यमन्त्री कार्यालय परिसरमै प्रवेश गरी तोडफोड, कुटपिट तथा अस्लील व्यवहार गरेको आरोप लागेको छ। यही क्रममा कार्यालयको ढोका, कागजात, सामग्री तोडफोड गर्नुका साथै केही कर्मचारीलाई कुटपिटसमेत गरिएको प्रहरी प्रारम्भिक अनुसन्धानबाट खुलेको जनाइएको छ। प्रहरी स्रोतका अनुसार पक्राउ परेका पूर्वसांसद साह र नेता झा उक्त घटनामा प्रत्यक्ष संलग्न रहेको सूचनाका आधारमा निगरानीमा राखिएको थियो। उनीहरूलाई पक्राउ पुर्जी जारी भएपछि विशेष टोलीले नियन्त्रणमा लिएको बताइएको छ।

प्रारम्भिक अनुसन्धानका क्रममा दुवैजनाले विरोध आन्दोलनमा आफू उपस्थित भए पनि तोडफोडमा संलग्नता नरहेको दाबी गरेको बताइएको छ। उक्त घटनामार्फत प्रदेशको कानून(व्यवस्थामा प्रश्न उठेपछि नेपाल निजामती कर्मचारी युनियनले कात्तिक २४ गते नै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउँदै दोषीमाथि कडा कारबाहीको माग गरेको थियो। कर्मचारीहरूले कार्यस्थलमै सार्वजनिक पद धारण गरेका व्यक्तिबाट कुटपिट र दमनका घटना हुनु प्रशासनिक मर्यादाको अपमान भएको भन्दै आपत्ति जनाएका थिए।

ज्ञापनपत्रपछि प्रमुख जिल्ला अधिकारीले तत्काल घटनामा संलग्नहरूमाथि कानूनी प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए। त्यसका आधारमा प्रहरीले विभिन्न राजनीतिक समूहका गतिविधि, भिडेका दृश्य, सामाजिक सञ्जालमा वायरल भएका भिडियो तथा प्रत्यक्षदर्शीका बयान संकलन गर्दै मुद्दाको आधार तयार गरेको थियो। अदालतबाट पक्राउ अनुमति लिएपछि दुवैजनालाई थुनामा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

राजनीतिक विवाद अदालत, प्रशासन र सुरक्षासंस्थानसम्म फैलिएको यो घटना सामान्य विरोध भन्दा राजनीतिक अराजकताको संकेत भएको विश्लेषकहरूको मूल्यांकन छ। प्रदेशमा फेरि राजनीतिक सहमति र स्थिरता कायम गर्न नेतृत्व तहबाट संयमित र जिम्मेवार व्यवहार आवश्यक भएको बताइन्छ।

## मधेश प्रदेश सभाको बैठक बोलाउन माग गर्दै ज्ञापनपत्र



दैनिक समाचारदाता

जनकपुरधाम २ मंसिर। मधेश प्रदेश सभाको बैठक बोलाउन माग गर्दै ३२ जना प्रदेशसभा सदस्यहरुले उपसभामुख बबिता राउत ईसरलाई आज ज्ञापनपत्र बुझाएका छन्।

सभामुख रामचन्द्र मण्डलले पद अनुकूल आचरण नगरेको प्रस्ताव दर्ता रहेको बेलामा विपक्षी दलका प्रदेशसभा सदस्यहरुले उपसभामुखलाई भेटेर प्रदेशसभाको बैठक बोलाउन माग गरेका हुन्।

विपक्षी दलहरूको तर्फबाट माओवादी केन्द्रका संसदीय दलका नेता भरत प्रसाद साहले प्रदेशसभा सदस्यहरूको हस्ताक्षर सहित उपसभामुख राउतलाई माग पत्र हस्तान्तरण गर्दै पर्सी ३ गते बुधवार प्रदेश सभाको बैठक बोलाउनका लागि माग गर्नु भएको हो।

प्रदेश सभा नियमावली अनुसार प्रदेशसभा २५ प्रतिशत सदस्यले बैठक बोलाउन माग गरेको खण्डमा बैठक बोलाउनु पर्ने कानूनी प्रावधान रहेको छ। मधेश प्रदेशसभामा सभामुख रामचन्द्र मण्डलका विरुद्धमा दर्ता भएको महाअभियोगको प्रस्तावमाथि छलफल प्रक्रिया अगाडी बढाउका लागि सात दलबाट माग भएको छ।

सभामुखमाथि दर्ता गरिएको प्रस्तावमाथि छलफल प्रक्रिया अगाडी बढाउनका लागि आफूहरूले प्रदेशसभा बैठक बोलाउन माग गरेको विपक्षी दलका नेताहरूले जनाएका छन्। प्रदेशसभा बैठक बोलाउनका लागि माग गर्ने दलहरूमा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेकपा एकिकृत समाजवादी पार्टी रहेका छन्।

## दुर्गा प्रसाईं ४ दिन हिरासतमा राख्ने


दैनिक समाचारदाता

काठमाडौं २ मंसिर। गएराति पक्राउ परेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई ४ दिन हिरासतमा राख्न जिल्ला प्रशासन कार्यालय काठमाडौंले अनुमति दिएको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले सार्वजनिक शान्तिविरुद्धको कसुरमा प्रसाईंलाई ४ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको हो। म्याद थपका लागि प्रसाईंलाई मंगलबार जिल्ला सरकारी वकिलको कार्यालय हुँदै प्रशासन कार्यालय लगिएको थियो। सो क्रममा प्रसाईंले आफूलाई कुन मुद्दामा पक्राउ गरिएको भन्ने जानकारी नभएको दाबी गरे। राजसंस्था र हिन्दुराष्ट्र पुनर्स्थापना गर्ने आन्दोलन घोषणा गरेका प्रसाईंलाई भड्काउपूर्ण अभिव्यक्ति दिएर सार्वजनिक शान्ति भङ्ग गरेको आरोपमा प्रहरीले पक्राउ गरेको थियो।

प्रसाईंलाई पक्राउ गरेको विरोधमा उनका समर्थक प्रदर्शनले प्रशासन कार्यालय अगाडी नाराबाजी गरेका थिए।

अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

महिला हिंसा अन्त्य गरौं।

- महिला हिंसा जहाँसुकै र जसलेसुकैबाट पनि हुन सक्छ, सचेत बनौं,
- महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रूपमा हिंसा हुन सक्छ,
- कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने साहस गरौं,
- हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
- कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
- घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार बनौं,
- महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं।
- महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# प्राविधिक सुधारको प्रभाव

आगामी प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा मतदाता परिचयपत्र बनाउने प्रक्रियामा देखिएको परिवर्तन केवल प्रशासनिक सुधार मात्र होइन, निर्वाचन प्रणालीको समग्र आधुनिकीकरणको संकेत पनि हो। विगतका वर्षहरूमा जनकपुरधामलगायत विभिन्न ठाउँका निर्वाचन कार्यालयहरूमा देखिने अत्यधिक भीड, घण्टौं लामो लाइन, फाराम भर्न सहयोग नपाउने समस्या र प्राविधिक अव्यवस्थाले नागरिकलाई अनावश्यक झन्झटमा पार्थ्यो। तर, यस वर्षको अवस्था भने भिन्न छ–यति भिन्न कि भीडभाडका लागि चर्चित जनकपुरधामस्थित निर्वाचन कार्यालयमा पनि आज शान्त र व्यवस्थापित वातावरण देखिन थालिएको छ।

यस परिवर्तनको मूल कारण–प्राविधिक सरलता र स्वचालित प्रणालीको प्रभावकारी प्रयोग हो। नागरिकलाई आफैंले फाराम भर्न दिने व्यवस्था, राष्टिय परिचयपत्रको बायोमेट्रिक विवरणलाई प्रत्यक्ष मतदाता परिचयपत्रसँग लिंक गर्ने प्रणाली, तथा अनलाइन अभिमुखी सेवाले कार्यालयमा भीड घटाउने काम गरेको छ। कम्प्युटर अधिकृत कृष्ण राउतको भनाइले प्राविधिक सुधार कित्ता-कित्तामा लागू भइसकेको पुष्टि गर्छ।

तर, यस सफलतामाथि गर्व गर्नुअघि केही कठोर वास्तविकताबाट पनि नजर नमोठ्नु उचित हुन्छ। ग्रामीण भेगका नागरिक, प्रविधि प्रयोगमा सहज नभएकाहरू, र साक्षरता दर कम भएका सेवाग्राही अहिले पनि कार्यालयमै आएर सहयोग लिन बाध्य छन्। दैनिक करिब १ हजार सेवाग्राहीलाई छुट्टै काउण्टर र प्राविधिक सहयोग प्रदान गर्नु निर्वाचन कार्यालयले खेपिरहेको अर्को चुनौती हो। यसले प्रविधि र पहुँचबीच अझै पनि अवरोध छ भन्ने स्पष्ट देखाउँछ। डिजिटलिकरणले समस्या समाधान गर्छ, तर सबैका लागि समान रूपमा होइन–यो सत्य स्वीकार्य छ।

मधेश प्रदेशका आठै जिल्लाबाट हालसम्म ७९ हजार ३ सयभन्दा बढी नागरिक नयाँ मतदाता सूचीमा दर्ता हुनुले निर्वाचनप्रतिको जनविश्वास बढिरहेको संकेत दिन्छ। विशेषगरी नयाँ पुस्ताका युवाहरूको उल्लेख्य उपस्थिति लोकतान्त्रिक प्रक्रियाप्रतिको उत्साहजनक प्रगति हो। पहिलो पटक मत हाल्ने अवसर पाएका युवाको सक्रियता लोकतन्त्रलाई दीर्घकालीन रूपमा मजबुत पार्ने महत्वपूर्ण आधार बनेको छ।

यद्यपि मतदाता परिचयपत्र प्रक्रियामा सहजता आए पनि राष्टिय परिचयपत्रलाई अनिवार्य रूपमा लिंक गर्नुपर्ने व्यवस्थाले जिल्ला प्रशासन कार्यालयहरूमा भीड बढाएको छ। यसले अर्को प्रशासनिक सूत्र खोलेको छ–एक निकायको सुधारले अर्को निकायमा बढी चाप सिर्जना गर्न सक्छ। यसको दीर्घकालीन समाधान भनेको–सहज, विकेन्द्रित र उपलब्धिमूलक सेवा वितरण हो।

निर्वाचन आयोगले पाँच दिन म्याद थप्नु एउटा दूरदर्शी कदम हो। यसले ग्रामीण क्षेत्र, छात्र-छात्रा, विदेशबाट फर्किएका नागरिकलगायत भौगोलिक रूपमा पिछडिएका समूहलाई मतदाता सूचीमा सहभागी हुने अवसर प्रदान गरेको छ। मतदाता परिचयपत्र बनाउने काम सजिलो भए पनि नागरिकहरूलाई राष्टिय परिचयपत्र बनाउन बाध्य बनाउने व्यवस्थाले अझै पनि सुधार आवश्यक छ भन्ने संकेत गरेको छ।

समग्रमा हेर्दा, मतदाता परिचयपत्र प्रणालीमा आएको प्राविधिक प्रगति स्वागतयोग्य छ। यसले प्रशासनिक दक्षता बढाएको छ, भीडभाड न्यूनीकरण गरेको छ, र नागरिकलाई समय तथा श्रम दुवै बचत गराएको छ। राष्टिय परिचयपत्र र मतदाता परिचयपत्रबीचको डिजिटल जोडानले भविष्यमा निर्वाचन व्यवस्थापन अझ पारदर्शी, छरितो र दुरुस्त बनाउने विश्वास दिलाएको छ।

तर, प्रविधिमै निर्भर मोडेललाई सबै नागरिकका लागि पहुँचयोग्य बनाउन सरकारले डिजिटल साक्षरता, जन-सुविधा कन्द्र विस्तार, अनलाइन सेवा सरलिकरण र स्थानीय तहमा प्रविधिमैत्री वातावरण निर्माणमा बढी ध्यान दिन आवश्यक छ।

अन्ततः, मतदाता नामावली व्यवस्थापनमा सुरु भएको यो सुधारको यात्रा केवल निर्वाचन प्रक्रियालाई मात्र होइन, समग्र लोकतान्त्रिक संस्कृतिलाई सुदृढ पार्ने दीर्घकालीन आधार बन्न सक्छ–यदि राज्यले अहिले उठेका प्रश्नहरूलाई समयमै सम्बोधन गऱ्यो भने।

# मधेशमा न्याय उपलब्धताको प्रश्न



राजु पासनमा

मधेश प्रदेशको सामाजिक संरचना, आर्थिक अवस्था र न्यायिक पहुँचबीचको सम्बन्धलाई बुझ्ने हो भने त्यहाँका दलित, महिला, गरिब तथा सीमान्तकृत समूहले दैनिक रूपमा भोगिरहेको हिंसा, विभेद र अन्याय हाम्रो राज्यसत्ताको कमजोर उपस्थिति र सामाजिक चेतनाको अभावको प्रतीक हो । न्याय सबैका लागि बराबर भन्ने संवैधानिक ग्यारेन्टी आज पनि धेरैका लागि कागजमै सीमित छ । यस्तै चुनौतीपूर्ण परिवेशमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा सञ्चालित मानव अधिकार सहायता कक्षका गतिविधिहरू आशाको स्रोत बनेका छन्, जसले न्यायकै मूलभूत धारालाई विपन्न र कमजोर समूहका हातसम्म पुऱ्याउन सहयोग गरिरहेको छ ।

भर्खरै सम्पन्न त्रैमासिक समीक्षा बैठकले आर्थिक रूपमा कमजोर तथा न्यायको पहुँच नपाएका २१ जना पीडितलाई आर्थिक तथा कानुनी सहयोग प्रदान गरिएको तथ्य सार्वजनिक गऱ्यो । पहिलो नजरमा २१ जनाको संख्या सानो देखिन सक्छ, तर मधेशजस्तो क्षेत्रमा न्याय प्राप्तिको बाटो नै सर्वसाधारणका लागि क्लिष्ट, लागतिलो र अपारदर्शी भएको अवस्थामा यो पहललाई सूक्ष्म रूपमा विश्लेषण गर्दा यसको प्रभाव निकै व्यापक छ।

नेपालको संविधानले सबै नागरिकलाई समान न्यायको ग्यारेन्टी दिएको छ। अदालत, प्रहरी, प्रशासन र स्थानीय तह–सबै संरचनाहरू समान पहुँचको परिकल्पनामा निर्मित छन् । तर व्यवहारिकतामा हेर्दा मधेशको ग्रामीण बस्ती, दलित बस्ती, आर्थिक संकटग्रस्त परिवार वा हिंसाबाट पीडित महिलाका लागि न्याय नै 'विलासिता'जस्तै छ । मुद्दा दर्ता गर्न यातायात खर्च चाहिन्छ, प्रहरी कार्यालयमा कागजात लिएर पुग्न साहस चाहिन्छ, अदालत धाउन पैसै नभए कसरी ? समाजले पाइला-पाइलामा अवरोध बनाइदिन्छ–"केर कागजै-कुरो गर्छौ ?", "गाउँमै मिलाउँ", "कानून के हुन्छ, हाम्रो मान्छे चल्छ"–यस्ता भनाइहरूले पीडितको अधिकारलाई तुच्छ बनाइदिन्छन् ।

यही कारण न्याय संरचनाहरू कमजोर समूहका लागि कहिल्यै सुगम बन्न सकेनन् । यस सन्दर्भमा इन्सेकले स्थापना गरेको सहायता कक्षले प्रदान गर्ने २ हजारदेखि १० हजार रुपैयाँसम्मको आर्थिक सहयोग केवल रकम मात्रै होइन, न्यायमा पाइला चाल्न प्रोत्साहन दिने ऊर्जा हो ।

सहयोग कक्षद्वारा प्रदान गरिने सहयोगको स्वरूपलाई साधारण रूपमा हेर्नु न्यायिक संरचनाको जटिलता बुझ्न नसक्नु हो । यातायात खर्च, कागजात तयार गर्ने खर्च, खाजा वा दिनभर कतै बसिरहन पर्दा लाग्ने साना-साना खर्च–यी नै धेरै पीडितका लागि प्रशासन वा अदालतसम्म पुग्न बाधक बन्छन् । न्यायसम्म पहुँच सुनिश्चित गर्न २ देखि १० हजारसम्मका साना खर्चहरू कैयौं पीडितका लागि ठूलो मद्दत बन्न पुग्छ । यसबाट स्पष्ट हुन्छ कि न्यायको ढोका खोल्न कहिलेकाहीँ ठूलो राजनीतिक हस्तक्षेप होइन, एउटा साधारण बसभाडा नै निर्णायक बन्दो रहेछ ।

सहयोग प्राप्त २१ जनामध्ये ८ जना दलित समुदायका हुनु आफैंमा गम्भीर सूचक हो । मधेश प्रदेशमा जातीय विभेद खुलेर घटेको छ भन्न सकिँदैन । अझ आज पनि दलित समुदायका युवतीहरूसँग हुने हिंसा, दलित परिवारमाथि हुने शारीरिक आक्रमण, सामाजिक बहिष्कार, धम्की र अपमानका घटना सामान्यजस्तै देखिन्छन् । अधिवक्ता राजकुमार महासेठको भनाइ–"हिंसासम्बन्धी घटनामा दलित तथा सीमान्तकृत समुदायका व्यक्तिहरू सबैभन्दा धेरै प्रभावित हुन्छन् ।"–ले मधेशमा न्याय उपलब्धताको असमानतामा गहिरो प्रकाश पार्छ ।

महिला हिंसा–घरेलु हिंसा, जबर्जस्ती करणी, मानसिक हिंसा, आर्थिक हिंसा । यी आज पनि मधेश समाजको दैनिकी हुन्। परम्परागत सोच, पितृसत्ताको दवाव र परिवारको मान-इज्जतको नाममा महिलालाई चुप पारिने चलनका कारण महिलाहरू घटनाको उजुरी गर्नै डराउँछन् । यस्तो अवस्थामा सहायता कक्षले निःशुल्क कानून व्यवसायी उपलब्ध गराइदिन्छ, मुद्दा दर्ता गर्न सामाजिक सुरक्षाको वातावरण बनाइदिन्छ र 'अन्तिममा न्याय पाउने पर्यन्त' साथमा उभिन्छ, जुन क्रान्तिकारी नै हो ।

मधेशमा हिंसासम्बन्धी घटनामा लगातार वृद्धि हुनु केवल सामाजिक समस्या मात्र होइन; यो राज्यको उपस्थितिमा रहेको कमजोरीको संकेत पनि हो। नागरिकले प्रहरी वा न्यायिक निकायमा आफू सुन्ने वातावरण अनुभूति गर्न नसक्नु, मुद्दा प्रक्रिया लम्बिनु, राजनीतिक हस्तक्षेपको डर, आर्थिक अभाव–यी सबैले पीडितलाई न्यायप्रति निराश बनाउँछन्। तर, इन्सेकजस्ता संस्थाले सञ्चालन गरेको सहायता कक्षले पीडितलाई न केवल कानुनी समर्थन दिएको छ, उनीहरूमा विश्वास पनि निर्माण गरिरहेको छ–"न्यायको बाटो छ, केवल सहारा चाहिन्छ ।" यसरी हेर्दा यो पहलले राज्यको असफलताले छाडेको खाली ठाउँ भरिरहेको छ, र मानव अधिकारको मूल्य-मान्यतालाई व्यवहारमा उतारिरहेको छ।

सहयोग कक्षले आगामी योजना र रणनीति तयार गरेको उल्लेख छ, तर यस्ता पहलले स्थायी रूप लिन अझ धेरै पूर्वाधार र समर्थन आवश्यक छ । हाल २१ जनासम्म सीमित यो सहयोगलाई जिल्लास्तरीय पीडितहरूसम्म विस्तार गर्न राज्य-संस्था, स्थानीय तह र नागरिक समाजबीच अझ धेरै समन्वय आवश्यक हुन्छ। मधेशका ग्रामीण बस्तीहरूमा धेरैलाई 'न्याय' के हो भन्ने नै थाहा छैन। उनीहरू अदालतलाई डर लाग्ने ठाउँ सम्झन्छन्। यस्तो अवस्थामा कानुनी चेतना कार्यक्रमले नागरिकलाई 'न्याय खोज्न लाज होइन' भन्ने सन्देश दिन जरुरी छ। सहयोगको लक्ष्य समूहलाई अझ स्पष्ट गरी महिला, दलित, बालबालिका र सीमान्तकृत समूहमा केन्द्रित बनाइनु आवश्यक छ। कानुन कार्यान्वयनका निकायलाई जैविक रूपमा संवेदनशील बनाउने काम अत्यन्त जरुरी छ। हिंसाका पीडितले प्रहरी कार्यालयमै दोस्रोपटक पीडा नखानुपरोस्।

सहयोग कक्षको हालसम्मको गतिविधि हेर्दा एउटा महत्वपूर्ण पाठ प्राप्त हुन्छ–न्यायको धारलाई माथिबाट तल झार्न सकिँदैन; तलबाट माथि धकेल्नुपर्छ। एउटा बसभाडा, एउटा कागजातको फोटोकोपी, एकदिनको खाजा खर्च, एक वकिलको निःशुल्क सहयोग–यी नै पीडितको जीवन बदल्ने मोड बन्न सक्छन्। यो पहलले देखाएको छ कि न्याय प्राप्तिको बाटोमा सबैभन्दा ठूलो अवरोध आर्थिक अवस्था होइन, सिस्टमले बनाएको दूरी रहेछ। र यही दूरी मेट्न सहायताका साना-साना पाइला अत्यन्त प्रभावकारी छन्।

सहयोग प्राप्त अधिकांश व्यक्ति न्याय पाउने चरणमा पुगेका छन् यो निकै सकारात्मक परिणाम हो। यसले दुई कुरा पुष्टि गर्छः पीडितमा न्यायप्रति विश्वास जागेको छ र सानो तर लक्ष्यित सहयोगले ठूलो परिवर्तन ल्याउन सक्छ।

मधेशमा मानव अधिकार र न्यायको संवेदनशीलता आज गम्भीर मोडमा छ। पीडितलाई न्याय दिन कानुन बनिसक्यो, तर कानुन बच्छ कि मर्छ, त्यो व्यवहारले निर्धारण गर्छ। इन्सेकद्वारा सञ्चालित मानव अधिकार सहायता कक्षले सीमित स्रोतमा पनि धेरै पीडितको हातमा न्यायको चाबी थमाइरहेको छ। आगामी दिनमा यसको क्षमता विस्तार गर्न राज्यसत्ताको साथ र समाजको संवेदनशीलता दुवै आवश्यक हुन्छ।

न्यायको बाटो त लामो छ, तर यस्तो पहलले बाटोमा उज्यालो फैलाइरहेको छ जसले कमजोरलाई बलियो बनाउँछ, चुप बसाइएका आवाजलाई बोल्न प्रेरित गर्छ, र न्यायलाई सबैका लागि समान बनाउने सपना बलियो पार्छ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |




काठमाडौं । गुगलले हालै एन्ड्रोइड प्रयोगकर्तालाई सार्वजनिक वाईफाईबाट टाढा रहन सल्लाह दिएको थियो । कम्पनीको चेतावनी अनुसार, यी नेटवर्क प्रायः अनइन्क्रिप्टेड हुन्छन्, जसले गर्दा साइबर अपराधीहरूलाई बैंक विवरण, पासवर्ड वा व्यक्तिगत जानकारी चोर्न सजिलो हुन्छ । गुगलले सार्वजनिक वाईफाई प्रयोग सकेसम्म कम गर्न भनेको छ ।

यी वाईफाईले ट्रोजन हर्सको रूपमा काम गर्न सक्ने भनिएको छ । यसको अर्थ ह्याकरहरूले तपाईंको उपकरणमा ब्याकडोर एक्सेस पाउन सक्छन् । गुगलले ३ अर्ब स्मार्टफोन प्रयोगकर्तालाई आफ्नो फोनका सेटिङहरू परिवर्तन गर्न पनि सल्लाह दिएको छ । सबैभन्दा महत्त्वपूर्ण परिवर्तन भनेको वाईफाईमा स्वतः जोडिनु बन्द गर्नु हो । यो चेतावनी गुगल सुरक्षा केन्द्र र एन्ड्रोइड अपडेटहरू मार्फत जारी गरिएको छ ।

*यस्ता छन् सार्वजनिक वाईफाई प्रयोग गर्दाका खतरा*

क्याफे, विमानस्थल वा होटल जस्ता स्थानमा उपलब्ध निःशुल्क सार्वजनिक वाईफाई झट्ट हेर्दा सुविधाजनक लाग्न सक्छ । तर यसले धेरै सुरक्षा जोखिमहरू निम्त्याउन सक्छ । ह्याकरहरूले तपाईंको जानकारी चोर्न यी नेटवर्कहरूको शोषण गर्न सक्छन् ।

*१. डेटामा अवरोध र चोरी*

तपाईंले इन्टरनेट मार्फत जब केही पठाउनुहुन्छ वा प्राप्त गर्नुहुन्छ, जस्तैः लग इन गर्ने, इमेल पठाउने, वा अनलाइन भुक्तानी गर्ने, त्यो डेटा नेटवर्कमार्फत यात्रा गर्दछ । यदि यो डेटा इन्क्रिप्ट गरिएको छैन भने ह्याकरहरूले यसमा अवरोध गर्न सक्छन् । कल्पना गर्नुहोस् तपाईंले कुनै क्याफेको निःशुल्क वाईफाईमार्फत आफ्नो बैंक खातामा लग इन गर्नभयो । तर त्यो वाईफाई सुरक्षित छैन भने ह्याकरले त्यहीँ नेटवर्कबाट तपाईंको प्रयोगकर्ता नाम, पासवर्ड, वा बैंक विवरणहरूमा पहुँच पाउन सक्छन् अनि ह्याकरहरूले तपाईंको खातामा भएको पैसा सबै चोर्न सक्छन् ।

*२. म्यान-इन-द-मिडल आक्रमण*

यस आक्रमणमा, ह्याकरले आफूलाई तपाईं र वेबसाइटको बीचमा राख्छन् । तपाईंलाई लाग्छ कि तपाईं वेबसाइटसँग सिधै जोडिनु भएको छ । तर वास्तविकतामा ह्याकरले पहिले तपाईंको सबै जानकारी लिन्छन् । उदाहरणका लागि, तपाईं एमाजन डटकम वा यस्तै कुनै साइटमा जानुभयो । तर ह्याकरले तपाईंलाई यस्तै जस्तो लाग्ने तर नक्कली वेबसाइटमा रिडिरेक्ट गर्छन् । तपाईंले जब लग इन गर्नुहुन्छ, र तपाईंको पासवर्ड ह्याकरलाई पठाइन्छ । यसले तपाईंको खाता वा कार्ड विवरणहरू चोरी गर्न सक्छ ।

*३. मालवेयर संक्रमण*

असुरक्षित नेटवर्क वा वेबसाइटबाट फाइल डाउनलोड गर्दा तपाईंको उपकरणमा भाइरस वा हानिकारक सफ्टवेयर प्रवेश गर्न सक्छन् । यसले तपाईंको प्रणालीलाई क्षति पुऱ्याउन सक्छ वा तपाईंको व्यक्तिगत जानकारी चोर्न सक्छ । उदाहरणका लागि, तपाईं निःशुल्क चलचित्र डाउनलोड गर्न कुनै वेबसाइटमा जानुहुन्छ । साइटले नक्कली डाउनलोड बटन देखाउँछ । यसलाई क्लिक गर्दा, तपाईंको ल्यापटपमा भाइरस इन्जेक्ट हुन्छ । फलस्वरूप, तपाईंको उपकरण स्लो हुन्छ वा तपाईंको डेटा लक हुन्छ, र ह्याकरले यो लक खोल्न फिरौती पैसा माग्न सक्छन् ।

*४. पहिचान चोरी*

जब कसैले तपाईंको व्यक्तिगत जानकारी, जस्तै तपाईंको नाम, ठेगाना, प्यान कार्ड, बैंक विवरणहरू, आदि चोर्छ र यसको दुरुपयोग गर्छ, यसलाई पहिचान चोरी भनिन्छ । उदाहरणका लागि कुनै वेबसाइटबाट तपाईंको केवाईसी चुहियो भने ह्याकरले यसलाई नयाँ बैंक खाता खोल्न वा तपाईंको नाममा ऋण लिन प्रयोग गर्न सक्छ । ह्याकरले तपाईंको नाममा ऋण लियो भने तपाईं के गर्नुहुन्छ ?

*५. नक्कली वाईफाई हटस्पट*

ह्याकरहरूले प्रायः वास्तविक नामसँग मिल्दोजुल्दो नक्कली वाईफाई नेटवर्क बनाएका हुन्छन् । मानिसहरू गल्तिले यसमा जोडिन्छन् अनि तिनीहरूको सबै डेटा ह्याकरहरूको हातमा पुग्छ । उदाहरणका लागि, कल्पना गर्नुहोस् कि तपाईं विमानस्थलमा हुनुहुन्छ र एयरपोर्टको फ्री वाईफाईको नेटवर्क देख्नुभयो । तर यो नेटवर्क वास्तवमा एयरपोर्टको नभएर ह्याकरहरूको हुनसक्छ । तपाईंले गल्तिले फोनमा नक्कली वाईफाइ जोड्नुभयो । यस्तो अवस्थामा, तपाईंको पासवर्ड, ओटीपी र बैंक विवरणहरू चोरी हुन सक्छ । तपाईंले संवेदनशील कार्यहरू (जस्तैः अनलाइन बैंकिङ) गर्नुभयो भने यो जोखिम अझ बढ्छ ।

*सार्वजनिक वाईफाई चलाउर्ने बाध्यतामा के गर्ने ?*

केहीगरी तपाईंले सार्वजनिक वाईफाई प्रयोग गर्नैपर्ने भयो भने यी सावधानीहरू अपनाएर जोखिम कम गर्न सक्नुहुन्छ ।

*१. भीपीएनको प्रयोग*

सधैं विश्वसनीय भर्चुअल निजी नेटवर्क (भीपीएन)को मात्रै प्रयोग गर्नुहोस् । यसले तपाईंको इन्टरनेट कनेक्सनलाई इन्क्रिप्ट गर्छ र ह्याकरहरूलाई तपाईंको डेटा पढ्नबाट रोक्छ । तपाईंले निःशुल्क भीपीएनहरूबाट बच्नुपर्छ र नर्डभीपीएन वा एक्सप्रेसभीपीएनजस्ता सशुल्क भीपीएनको प्रयोग गर्नुपर्छ ।

*२. एचटीटीपीएस वेबसाइट मात्रै खोल्ने*

तपाईंको ब्राउजरमा यूआरएलहरू हेर्दा, वेबसाइट एचटीटीपी बाट सुरु हुन्छ र यसको छेउमा लकको निशान छ भन्ने सुनिश्चित गर्नुहोस् । एचटीटीपी मात्रै भएका साइटहरूबाट बच्नुहोस्, किनकि तिनीहरू एन्क्रिप्टेड हुँदैनन् र डेटा चुहावटको जोखिम हुन्छ ।

*३. संवेदनशील काम नगर्ने*

सार्वजनिक वाईफाईबाट बैंकिङ कारोबार, अनलाइन किनमेल, वा आफ्नो कुनै खातामा लग इन गर्ने काम नगर्नुहोस् । यस्ता काम सधैं आफ्नो मोबाइल डेटा वा व्यक्तिगत नेटवर्कमा मात्रै गर्नुहोस् ।

*४. बहुकारक प्रमाणीकरण अन गर्ने*

आफ्ना सबै अनलाइन खातामा टू फ्याक्टर अथेन्टिकेशन इनेबल गरेर राख्नुहोस् । यसो गर्दा यी खाताका पासवर्ड चोरी नै भयो भने पनि ह्याकरहरूले तपाईंको खाता पहुँच पाउँदैनन् ।

*५. उपकरण सेटिङहरू सच्याउने*

स्वचालित रूपमा जडान हुने वाईफाई फिचर मोबाइल बन्द गरेर राख्नुहोस् । फाइल सेयरिङ र ब्लुटुथ पनि बन्दै गरेर राख्नुहोस् । आफ्नो फायरवाल र एन्टिभाइरस सफ्टवेयर अपडेट गरिराख्नुहोस् ।

*६. नेटवर्कको जाँच गर्ने*

कुनै पनि नेटवर्कमा जोडिनुअघि सो नेटवर्क सक्कली नै हो भन्ने सुनिश्चित गर्नुहोस् । आवश्यक छ भने कर्मचारी वा एड्मिनलाई नेटवर्कको नाम सोध्नुहोस् । सधैं पासवर्ड-सुरक्षित नेटवर्कहरूलाई मात्रै प्राथमिकता दिनुहोस् ।

*७. ब्राउजर एक्सटेन्सनहरूको प्रयोग गर्ने*

एचटीटीपीएस एभ्रीह्वेर जस्तो एक्सटेन्सन इन्स्टल गर्नुहोस् । यसले स्वचालित रूपमा सुरक्षित (एचटीटीपीएस) मोडमा वेबसाइटहरू खोल्छ । एजेन्सीको सहयोगमा

# एक लाख घुससहित नापीका दुई कर्मचारी पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, २ मङ्सिर । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पर्सा जिल्लाको वीरगन्जस्थित नापी कार्यालयका दुई कर्मचारीलाई एक लाख रुपियाँ घुससहित नियन्त्रणमा लिएको छ।

आयोगका अनुसार, नापी कार्यालय वीरगन्ज-पर्सामा कार्यरत सर्भेक्षक राम प्रमोद राउत र नापी टोली आदर्शनगर पानी ट्याङ्कीस्थित कार्यालयमा कार्यरत कार्यालय सहयोगी अरुणप्रसाद उपाध्यायले छुट्टै जग्गा दर्ता गर्न सेवाग्राहीसँग विभिन्न बहाना बनाई एक लाख रुपियाँ घुस मागिरहेको उजुरीका आधारमा टोली खटाइएको थियो।

अनुगमनका क्रममा दुबै जनालाई सेवाग्राहीबाट माग गरेको एक लाख रुपियाँ घुस लिइसकेको अवस्थामा पर्साको वीरगन्ज महानगरपालिका-३, आदर्शनगर पानी ट्याङ्कीस्थित नापी कार्यालयबाट नियन्त्रणमा लिइएको आयोगले जानकारी दिएको छ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले आरोपित दुई जनामाथि आवश्यक थप अनुसन्धान जारी रहेको बताउनु भयो ।

# आन्दोलनका घाइतेलाई १५ हजार राहत



दैनिक समाचरदाता

काठमाडौं २ कात्तिक । सरकारले भदौ २३ र २४ गतेको आन्दोलनका घाइतेका लागि तत्कालका लागि १५ हजार रुपैयाँका दरले राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद् बैठकले आन्दोलनका २ हजार ४ सय २९ जनालाई तत्कालका लागि प्रतिव्यक्ति १५ हजार रुपैयाँ राहत रकम उपलब्ध गराउने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदिश खरेलले जानकारी दिनुभयो ।

यस्तै बैठकले नेपाल विशेष सेवा ऐन २०४२ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेड नेप्सेको पुनः संरचनाका लागि सुझाव दिन प्रकाशजंघ केसीको नेतृत्वमा सुझाव समिति गठन गर्ने निर्णय गरेको मन्त्री खरेलले बताउनुभयो ।

मन्त्रिपरिषद् बैठकले माथिल्लो मुस्ताङ क्षेत्रमा पदयात्रामा जाने विदेशी नागरिकको पदयात्रा अनुमति दस्तुर प्रतिदिन प्रतिव्यक्ति ५० अमेरिकी डलर कायम हुनेगरी अध्यागमन नियमावली २०५१ को अनुसूची १२ को हेरफेर गर्ने निर्णय गरेको छ । यस्तै बैठकले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि नर्वे सरकारबाट प्राप्त हुने करिब ५ मिलियन अमेरिकी डलर र स्वीट्जरल्यान्ड सरकारबाट प्राप्त हुने करिब २ दशमलव १ मिलियन अमेरिकी डलर थप अनुदान सहायता स्वीकार गर्ने, शहिद धर्मभक्त माथेमा मानव अङ्ग प्रत्यारोपण केन्द्रको कार्यकारी निर्देशक पदमा डा. कल्पना कुमारी श्रेष्ठलाई तोक्ने लगायतका निर्णयहरू गरेको मन्त्री जगदिश खरेलले जानकारी दिनुभयो ।

# प्रतिनिधिसभा पुनर्स्थापनाका लागि कानुनी र सडक संघर्षमा जाने ओलीको चेतावनी

दैनिक समाचारदाता

काठमाडौं २ कात्तिक । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटनविरुद्ध पार्टीले दुई प्रकारका कदम चाल्ने घोषणा गरेका छन् ।

मंगलबार विघटित एमाले संसदीय दलको बैठकलाई सम्बोधन गर्दै उनले कानुनी लडाइँ र सडक संघर्ष दुवै मार्गबाट प्रतिवाद गर्ने बताएका हुन् ।

अध्यक्ष ओलीका अनुसार एमालेले सञ्चालन गर्ने संघर्ष आगजनी वा तोडफोडमा केन्द्रित नभई संवैधानिक, शान्तिपूर्ण र जनताको जीउ(धनको सुरक्षामा उभिएको हुनेछ ।

'एउटा कानुनी लडाइँ लड्छौं, दोस्रो सडक सङ्घर्ष गर्छौं,' ओलीले भने, 'हामीले गर्ने संघर्ष संवैधानिक र शान्तिपूर्ण हुनेछ ।' उनले अहिलेको सरकारले असंवैधानिक ढंगले काम गरिरहेको आरोप लगाउँदै विघटनको निर्णय अस्वीकार्य भएको बताए। भदौ २३ र २४ का घटना देशलाई अन्धकारतर्फ धकेल्ने प्रारम्भ बिन्दु भएको उनको टिप्पणी थियो।

'देशलाई अन्धकारतर्फ धकेल्ने काम भइरहेको छ, यस्तो कदमलाई हामी स्वीकार गर्न सक्दैनौं,' उनले भने, 'यदि यस्ता विषयमा पनि राजनीतिक दल चुप लागेर बस्ने हो भने त्यसको अस्तित्व नै प्रश्नमा पर्छ।'

पूर्वप्रधानमन्त्री समेत रहेका ओलीले प्रतिनिधिसभा पुनर्स्थापनाबाहेक अर्को संवैधानिक विकल्प नभएको दाबी गरे। 'न्याय संविधानको नजरमा हुन्छ। यसको संवैधानिक परीक्षण हुनैपर्छ,' उनले भने, 'मैले संविधान धेरैपटक पल्टाएर हेरेँ, यो निर्णय पूर्ण रूपमा असंवैधानिक छ।'

# सहायता कक्षद्वारा २१ जना पीडितलाई सहयोग तथा न्याय पहुँचमा पहल

दैनिक समाचारदाता

जनकपुरधाम, २ मंसिर । आर्थिक रूपमा कमजोर तथा न्यायमा पहुँच नपाएका २१ जनालाई मानव अधिकार सहायता कक्षले आर्थिक सहयोग प्रदान गर्दै न्याय प्राप्तिको प्रक्रियामा सक्रिय पहल गरेको जनाएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा गठन गरिएको सो कक्षाको मंगलबार सम्पन्न त्रैमासिक समीक्षा बैठकमा पीडितहरूलाई गरिएको सहयोग तथा समग्र गतिविधिबारे विस्तृत तथ्यांक सार्वजनिक गरिएको हो। इन्सेक मधेश प्रदेशका संयोजक राजु पासमानका अनुसार बालिका तथा महिलासहित २१ जना पीडितलाई आवश्यकताअनुसार २ हजारदेखि १० हजार रुपैयाँसम्म आर्थिक सहयोग प्रदान गरिएको छ। उनले भने, “पीडितहरूलाई न्यायसम्म पहुँच सुनिश्चित गर्न यातायात, खाजा तथा कागजात व्यवस्थापनमा लाग्ने खर्चका लागि २ देखि १० हजार रुपैयाँसम्म सहयोग गर्दै आएका छौं। साथै, निःशुल्क कानून व्यवसायी



उपलब्ध गराउनेदेखि लिएर जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयलगायत सम्बन्धित निकायमा निरन्तर पहल भइरहेको छ।”

घरेलु हिंसा, महिला हिंसा लगायतका मुद्दामा पीडित पक्षलाई न्याय दिलाउन सुरक्षा निकायदेखि न्यायालयसम्म समन्वय गर्दै आएको संयोजक पासमानले बताए। “२१ जनामध्ये ८ जना दलित समुदायका छन् भने केही जनजाति समुदायका पीडित पनि रहेका छन्। स्थानीय तह, सुरक्षा निकाय, मानव अधिकारकर्मी र इन्सेक लगायतका निकायबाट प्राप्त सिफारिसका आधारमा हामीले घटनाको अनुगमन र आवश्यक सहयोग उपलब्ध गराइरहेका छौं,” उनले थपे।

मानव अधिकार सहायता कक्षका संयोजक तथा अधिवक्ता राजकुमार महासेठका अनुसार प्रदेशमा हिंसासम्बन्धी घटनाको संख्या प्रतिदिन बढ्दो क्रममा छ। विगतको तुलनामा यो वर्ष पीडितको संख्या उल्लेख्य रूपमा बढेको उल्लेख गर्दै उनले भने, “सबैभन्दा धेरै हिंसाका घटनामा दलित तथा सीमान्तकृत समुदायका व्यक्तिहरू प्रभावित भएका छन्। अहिलेसम्म सहायता पाएका धेरैजसो पीडित न्याय पाउने चरणसम्म पुगेका छन्, जुन सकारात्मक संकेत हो।”

# गाउँब्लक जग्गा फुकुवा माग गर्दै धर्ना

दैनिक समाचरदाता

लहान,२ मङ्सिर । लहानस्थित मालपोत कार्यालयको मुख्य प्रवेशद्वारमा गाउँब्लक सङ्घर्ष समिति लहानले गाउँब्लक जग्गा सहमति कार्यान्वयनको माग गर्दै कात्तिक ३० गते आइतबारदेखि धर्नामा बसेको छ । लहान नगरपालिकामा करिब सात हजारको हाराहारीमा गाउँब्लक देखाएपछि लहान नगरपालिकाले कम्प्युटर र दुई जना कर्मचारीसमेत व्यवस्थापन गरिदिए पनि आलटाल गरिरहेकको सङ्घर्ष समितिका संयोजक अरुण केसीले बताउनुभयो । उहाँका अनुसार कात्तिक ३० गते धर्ना कार्यक्रम, मङ्सिर १ गते रिले अनशन र २ गतेदेखि आमरण अनशनमा




बस्ने कार्यक्रम रहेको छ ।

जग्गा फुकुवा कार्यान्वयन नहुँदा समस्यामा परेका स्थानीय सङ्घर्ष समिति गठन गरी आन्दोलन गर्दै आइरहेका छन् ।

जग्गा फुकुवा कार्यान्वयन प्रक्रिया अगाडि नबढ्दा बैङ्कबाट वित्तीय कारोबार, जग्गा बिक्रीवितरणलगायतका कार्य ठप्प भएको लहान-९ का नेपाली साहले बताउनुभयो । उहाँले समस्यालाई समाधान गर्न लहान नगरपालिका-६ का पूर्ववडाध्यक्ष अरुण केसीको संयोजकत्वमा सङ्घर्ष समिति गठन गरेर सङ्घर्ष गर्दै आइरहेको बताउनुभयो ।

मालपोत कार्यालय लहानका प्रमुख डमरुप्रसाद निरौला नियमित कार्यालयमा नबस्नाले सङ्घर्ष समितिसँग विगतमा भएको सहमति अनुसार जग्गा अद्यावधिक गर्न कर्मचारी अभाव

गाउँब्लक जग्गा फुकुवा कार्यान्वयनका लागि मन्त्रीपरिषद्को निर्णयसमेत भइसकेकाले यसको कार्यान्वयनमा मालपोत कार्यालय लहानका प्रमुख निरौलाले किन आलटाल गरिरहेको बुझ्न नसकेर दबाब दिन आन्दोलन गर्नु परिरहेको लहान-५ का नेपाली कांग्रेसका नेता रामसुन्दर चौधरीले बताउनुभयो । यस समस्यालाई समाधान गर्नका लागि प्रशासनिक पहल गर्न सबै जानकारी लिइसकेको भन्दै प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले मालपोत कार्यालय प्रमुख निरौलासँग छलफल गरेर समस्याको चाँडै समाधान गरिने बताउनुभयो ।

# गैर-सरकारी संस्था जवासद्वारा ८० छात्रालाई साइकल वितरण

दैनिक समाचारदाता

जनकपुरधाम, २ मंसिर । धनुषामा क्रियाशील गैर(सरकारी संस्था जानकी महिला जागरण समाजले शैक्षिक पहुँच र महिला सशक्तिकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित ८० जना छात्रालाई साइकल वितरण गरेको छ । साइकल वितरण कार्यक्रमले विद्यालय जाने बालिकाहरूलाई आवागमन सहज बनाउन, शिक्षामा निरन्तरता दिलाउन र उनीहरूको आत्मविश्वास अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने संस्थाको तर्क छ ।




गणेशमान चारनाथ नगरपालिका(७ स्थित जनता जयसवाल माध्यमिक विद्यालय, गोदारमा अध्ययनरत छात्राहरूलाई एक विशेष समारोहबीच साइकल हस्तान्तरण गरिएको जनाईएको छ । संस्थाका अनुसार यस पालिकामा आजको वितरणसहित हालसम्म १०५ वटा साइकल उपलब्ध गराइसकिएको छ, जसले विद्यालय जाने छात्राहरूको दैनिकीमा सकारात्मक परिवर्तन ल्याएको छ ।

‘जलवायु(मैत्री आर्थिक रूपान्तरणमार्फत महिला सशक्तिकरण’ भन्ने मूल नारासहित सञ्चालन हुँदै आएको व्यवसायजन्य सहयोग तथा समान वितरण कार्यक्रम अन्तर्गत साइकल हस्तान्तरण गरिएको हो ।

यस्तै परियोजनाअन्तर्गत समुदायमा आर्थिक क्रियाकलापलाई प्रोत्साहन गर्ने उद्देश्यले २५ जना महिला उद्यमीलाई थप २५ थान साइकल र इलेक्ट्रिक तराजु पनि वितरण गरिएको संस्थाले जनाएको छ । यसअघि पनि यो संस्थाले जनकपुरधाम उपमहानगरपालिका क्षेत्रका दलित तथा सीमान्तकृत महिलालाई सिलाइ(कटाइ मेशिनसहित विभिन्न उद्यमशील सामग्री वितरण गर्दै आएको छ । संस्थाले दीर्घकालीन रूपमा महिलाको आर्थिक सक्षमता, आत्मनिर्भरता र जीवनस्तर उकास्ने लक्ष्यसहित आगामी दिनमा पनि यस्ता कार्यक्रम निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ ।

# धारिलो हतियार प्रयोग गरी एक जनाको हत्या, एक जना पक्राउ

दैनिक समाचरदाता

महोत्तरी, २ मङ्सिर । महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकामा सोमबार साँझ एक जनाको धारिलो हतियार प्रयोग गरी हत्या गरिएको छ । हत्याको आरोपमा प्रहरीले एक जनालाई पक्राउ समेत गरेको छ ।

जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका ९ आगेपुर निवासी करिब ६० वर्षीय बेचन राइनको टाउकोमा खुकुरी प्रहार गरी हत्या गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले वृद्ध राइनको हत्या गरेको आरोपमा जिल्ला धनुषा नगराइन नगरपालिका ९ फुलगामा निवासी अन्दाजी २० वर्षीय गुड्डू मण्डललाई पक्राउ गरिएको जानकारी दिनुभयो । हत्यापछि सोही वड़ाको अर्को टोलमा रहेको आफ्नो दिदीको घर छेउछाउमा लुकेको अवस्थामा मण्डललाई पक्राउ गरिएको हो ।

मृतक बेचन राइनको छोरा सिरातुन राइनले बुवाको टाउकोको पछाडी करिब चार चोटी खुकुरीले प्रहार गरिएको र राइनको घटनास्थलमै मृत्यु भएको जानकारी दिनुभयो । हत्या गर्ने मण्डल रक्सीको नशामा लठिएको अवस्थामा रहेको बताउनुहुँदै सिरातुनले मेरो बुवा कसैसँग झगडा नगर्ने मान्छे रहेकाले राइनको हत्याका कारणबारे आफुलाई थाहा नभएको बताउनुभयो ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता भट्टले हत्याको यकीन कारण अनुसन्धानपछि मात्र खुल्ने जानकारी दिनुहुँदै हत्या लगत्तै जानकारी पाएको प्रहरीले घटनास्थल सुरक्षित राखी अनुसन्धान बढाएको बताउनुभयो ।

शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको छ थप अनुसन्धानपछि जानकारी दिइने प्रवक्ता भट्टले बताउनुभयो ।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४